## संवत् २०८० साल जेठ २ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउत नेतृत्वको प्रतिनिधिमण्डललाई थाइल्याण्डमा आयोजना हुने आर्थिक तथा सामाजिक परिषद्को बैठकमा सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सहन्यायाधिवक्ता दमनसिंह विष्टले दिनुभएको राजीनामा स्वीकृत गर्ने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल न्याय सेवा, सरकारी वकिल समूहको सहन्यायाधिवक्ता पदमा मिना गुरुङ्ग र पुजा खत्रीलाई बढुवा नियुक्त गर्ने ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल न्याय सेवा, सरकारी वकिल समूहको नायब महान्यायाधिवक्ता पदमा सञ्जिवराज रेग्मीलाई बढुवा नियुक्ति तथा पदस्थापन गर्ने ।

५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल न्याय सेवा, सरकारी वकिल समूहको सहन्यायाधिवक्ता रामकुमार थापासमेत पाँच जनाको सरुवा गर्ने ।

६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल ट्रष्टको सञ्चालक समितिको सदस्यमा देविचन्द्र उपाध्याय र सुनिता कुमारी गौतमलाई नियुक्त गर्ने ।

७. अर्थ मन्त्रालयः किङ्गस्टोन, जमैकामा आयोजना हुने बैठकमा सहभागी हुन उप-महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीलाई स्वीकृति प्रदान गर्ने ।

८. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः दोधारा चाँदनी एकीकृत जाँचचौकी निर्माणको समझदारी पत्र स्वीकृत गर्ने ।

९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः प्रस्तावित नेपाल-भारत पारवहन सन्धि स्वीकृत गर्ने ।

१०. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः मोतीपुर सवस्टेशन निर्माणको लागि जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने ।

११. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव (ऊर्जा) लाई फिलिपिन्समा आयोजना हुने 2023 Asia Clean Energy Forum मा भाग लिन स्वीकृति दिने ।

१२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव (ऊर्जा) लाई बंगलादेशको ढाकामा आयोजना हुने नेपाल बंगलादेश ऊर्जा सहकार्य विषयक कार्यक्रममा सहभागी हुन स्वीकृति दिने ।

१३. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल न्याय सेवा, न्याय समूहको राजपत्राङ्कित प्रथम श्रेणीमा विश्वजंग सिजापतिलाई बढुवा नियुक्ति तथा पदस्थापन गर्ने ।

१४. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव (कृषि) लाई सेनेगलमा आयोजना हुने Agriulture Development Strategy (ADS) Joint Sector Review (JSR) सम्बन्धी अवलोकन भ्रमणमा सहभागी हुन स्वीकृति दिने ।

१५. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः कलैया र सिमरौनगढको मालपोत तथा नापीसम्बन्धी कार्यक्षेत्र संशोधन गर्न स्वीकृति प्रदान गर्ने ।

१६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः बुटवल-गोरुसिङ्गे, चन्द्रौटा सडक खण्डमा रहेका घरटहरा हटाई क्षतिपूर्ति उपलब्ध गराउन प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्न स्वीकृति दिने ।

१७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः Tenth Biennial Meeting of the Working Group on the Asian Highway Network विषयक कार्यक्रममा सहभागिता जनाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिवलाई स्वीकृति दिने ।

द्रष्टव्यः निर्णयसँगसम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

१८. रक्षा मन्त्रालयः UNDOF मिशन, सिरियामा Head of Mission तथा Force Commander को रूपमा कार्यरत उपरथी श्री निर्मल कुमार थापाको कार्यकाल थप गर्न स्वीकृति दिने ।

१९. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको संरक्षक समितिको सदस्य पदमा प्रा. सीराम रामकृष्ण लगायत १० जनालाई मनोनयन गर्ने ।

२०. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः तिलगङ्गा आँखा स्वास्थ्य शिक्षा मानित विश्वविद्यालय सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।

२१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः अमूर्त सांस्कृतिक सम्पदासम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।

२२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः जुम्ला विमानस्थलको लागि जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने ।

२३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः Seventy-sixth World Health Assembly (WHA76) कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागिताको लागि स्वीकृति दिने ।

२४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः विश्व स्वास्थ्य संगठनलाई थप भएको वार्षिक सदस्यता शुल्क भुक्तानी गर्न स्वीकृति दिने ।

२५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः नेपाल इन्जिनियरिङ परिषद् (तेस्रो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने।

२६. दोस्रो जनआन्दोलन (२०६२/०६३) मा घाइते भई मिति २०८० वैशाख २७ गते उपचारको क्रममा निधन भएका मुकेश कायस्थ, काभ्रेपलाञ्चोकलाई सहिद घोषणा गर्ने।

२७. सम्माननीय राष्ट्रपतिज्यूसमक्ष संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई संवत् २०८० साल जेठ ५ गते शुक्रबारका दिन १६:०० बजे सम्बोधन हुन र त्यसका लागि सदस्यको उपस्थिति आह्वान गर्न अनुरोध गर्ने।

## संवत् २०८० साल जेठ ५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. सम्माननीय राष्ट्रपतिज्यूबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई संवत् २०८० साल जेठ ५ गते हुने सम्बोधन स्वीकृत गर्ने।

## संवत् २०८० साल जेठ ९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सम्माननीय उपराष्ट्रपतिको निजी चिकित्सकमा डा. शिवजी विक्रम सिल्वाललाई तोक्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल ट्रष्ट सञ्चालक समितिको सदस्य पदबाट नन्द बहादुर रोकायाले दिनु भएको राजीनामा स्वीकृत गरी रिक्त भएको सदस्य पदमा याङजोम शेर्पालाई नियुक्त गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल राष्ट्र बैंकका गभर्नरको नेतृत्वको प्रतिनिधिमण्डललाई क्यानडामा आयोजना हुने APG ANNUAL MEETING मा भाग लिन स्वीकृति दिने ।

४. अर्थ मन्त्रालयः ब्राजिलको ब्रासिलियामा आयोजना हुने विश्व वातावरण सुविधाको ६४ औं परिषद् बैठकमा अर्थ मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

५. अर्थ मन्त्रालयः जापान सरकारबाट मानव संशाधन विकास छात्रवृत्ति (जेडिएस) तेस्रो चरण, प्रथम ब्याचका लागि प्राप्त हुने करिब रु. ४१ करोड (जापानी येन ४२ करोड ४० लाख) बराबरको अनुदान सहायता स्वीकार गर्ने ।

६. अर्थ मन्त्रालयः विद्यालय शिक्षा क्षेत्र आयोजनाका लागि शिक्षाको लागि विश्वव्यापी साझेदारीबाट प्राप्त हुने १९.७० मिलियन अमेरिकी डलर (करिब ने.रु. २ अर्ब ५९ करोड) बराबरको अनुदान सहायता स्वीकार गर्ने ।

७. अर्थ मन्त्रालयः विद्यालय क्षेत्र रुपान्तरण कार्यक्रमका लागि विश्व बैङ्कबाट प्राप्त हुने १२० मिलियन अमेरिकी डलर (करिब ने.रु. १५ अर्ब ८० करोड) बराबरको सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने ।

८. अर्थ मन्त्रालयः भन्सार तथा लजिष्टिक्स सुधार कार्यक्रमको उपकार्यक्रम १ का लागि एसियाली विकास बैंकबाट प्राप्त हुने ५० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्न वार्ता टोली गठन गरी अख्तियारी दिने ।

९. अर्थ मन्त्रालयः नेपाल र एमसिसिबीच सम्पन्न सम्झौता संशोधन गरी नेपाल सरकारतर्फको योगदान वृद्धि गर्न स्वीकृति दिने ।

१०. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल र बंगलादेशबीच हुने Joint Expert Committee (JEC) र Joint Technical Study Team (JTST) को बैठकमा सहभागिता लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव (सिँचाइ) लाई स्वीकृति दिने ।

११. परराष्ट्र मन्त्रालयः परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८० स्वीकृत गर्ने ।

१२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः सशस्त्र प्रहरी बल नेपाल, बि.ओ.पि. बेलौनी बारालाई सार्वजनिक जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

१३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः सशस्त्र प्रहरी बल नेपाल, बि.ओ.पि., छब्बिसे इलामलाई सार्वजनिक जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

१४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः सशस्त्र प्रहरी बल नेपाल, नवराजपुर सिराहालाई सार्वजनिक जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

१५. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः सशस्त्र प्रहरी बल नेपाल, दक्षिण झिटकैया बारालाई सार्वजनिक जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

१६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः United Nations Human Settlements Programme (UNHABITAT) को Gender and Youth Land Expert Group Meeting मा सहभागी हुन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिवलाई स्वीकृति दिने ।

१७. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका महासेनानी लक्ष्मण थापालाई अवकाशपूर्व सहायक रथी दर्जामा मानार्थ बढुवा गर्ने ।

१८. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी मधुकर सिंह कार्कीको पदावधि थप गर्ने ।

१९. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य सेवा, मेडिकल उपसमूहका महासेनानीद्वय डा. अजय राजभण्डारी र डा. विष्णु बाबु थापाको सरुवा गर्ने ।

२०. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सेनानी दिल कुमार श्रेष्ठलाई अवकाशपूर्व प्रमुख सेनानी दर्जामा मानार्थ बढुवा गर्ने ।

२१. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका महासेनानी रोज प्रताप ज.ब.रा. समेत २२ (बाइस) महासेनानीहरूको सरुवा गर्ने ।

२२. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवाका सहायक रथी डा. मुकुन्द सिंह श्रेष्ठको पदावधि थप गर्ने ।

२३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः U.S. Department of Energy/National Nuclear Security Administration को निमन्त्रणामा Asia Pacific Regional Seminar: Sustaining Safeguards in Rapidly Changing Environment कार्यक्रममा भाग लिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (विज्ञान तथा प्रविधि) लाई स्वीकृति दिने ।

२४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः प्रत्येक वर्षको असोज २ गतेलाई राष्ट्रिय शिक्षा दिवस तोक्ने।

२५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव मदन भुजेलसमेत २२ जनालाई पदस्थापन, सरुवा तथा कामकाज गर्न खटाउने ।

२६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः नेपाल दूरसञ्चार प्राधिकरणको रिक्त हुने सदस्य नियुक्तिको लागि सिफारिस गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको संयोजकत्वमा समिति गठन गर्ने ।

२७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः डा. हरिहर वस्तीले नेपाल मेडिकल काउन्सिल सदस्यबाट दिनुभएको राजीनामा स्वीकृत गर्ने ।

२८. वन तथा वातावरण मन्त्रालयः वन्यजन्तु अपराध नियन्त्रण आदेश, २०८० स्वीकृत गर्ने।

२९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः प्रदेश तथा स्थानीय तहका कर्मचारीको अध्ययन पूर्वस्वीकृति, स्वदेशी तथा वैदेशिक अध्ययन/तालिममा मनोनयन, अध्ययन तथा असाधारण बिदा प्रदेशको प्रमुख सचिवले गर्ने गरी अख्तियारी दिने ।

## संवत् २०८० साल जेठ १२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. अर्थ मन्त्रालयः युरोपेली लगानी बैंकसँग London Interbank Offered Rate (LIBOR) का आधारमा व्याजदर निर्धारण हुने गरी भएका वित्तीय सम्झौतालाई Secured Overnight Financing Rate (SOFR) का आधारमा हुने गरी संशोधन गर्ने ।

२. अर्थ मन्त्रालयः जाइका स्वयंसेवक सहायतासम्बन्धी पूरक समझदारीपत्र स्वीकार गर्ने ।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः बिमस्टेक (BIMSTEC) व्यापार सम्मेलनमा सहभागिताका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीलाई स्वीकृति प्रदान गर्ने ।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः पेट्रोलियम पूर्वाधार निर्माण सम्बन्धी समझदारी (MOU) स्वीकृत गर्ने ।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः विद्युत उत्पादन कम्पनी लि. र भारतीय एनएचपीसी लि.को संयुक्त उपक्रममार्फत हुने फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजनाको समझदारीपत्र स्वीकृत गर्ने ।

६. गृह मन्त्रालयः INTERPOL को कार्यक्रममा सहभागी हुन नेपाल प्रहरी महानिरीक्षकलाई स्वीकृति दिने।

७. गृह मन्त्रालयः गणतन्त्र दिवस, २०८० को अवसरमा रमेश थलङ्ग भन्ने हेम बहादुर थलङ्गसमेत ४८२ जना कैदीको बाँकी कैद कट्टा गर्न सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस गर्ने ।

८. गृह मन्त्रालयः गणतन्त्र दिवस, २०८० को अवसरमा टोप बहादुर बुढासमेतका १८ जना व्यक्तिहरूको सजाय माफी गर्न सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस गर्ने ।

९. परराष्ट्र मन्त्रालयः विमस्टेकको प्रवुद्ध व्यक्ति समुहमा नेपालको तर्फबाट दुर्गा प्रसाद भट्टराईलाई मनोनयन गरी पठाउने ।
१०. परराष्ट्र मन्त्रालयः नेपालको परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र भारतको सुषमा स्वराज विदेश सेवा संस्थानबीच समझदारीपत्रमा हस्ताक्षर गर्न स्वीकृति दिने ।
११. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः Standard Operating Procedure (SOP) for freight train operation between Indian Custom Yard (ICY) and Nepal Custom Yard (NCY) लाई स्वीकृत गर्ने।
१२. वन तथा वातावरण मन्त्रालयः नयाँ मोदी लेखनाथ १३२ के.भि. विद्युत प्रसारणलाइन आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने ।
१३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः रासायनिक पदार्थको सुरक्षित प्रयोग, नियमन तथा जोखिम व्यवस्थापनसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।
१४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः गोरखापत्र संस्थानको सम्पादक सल्लाहकारमा उपेश महर्जनलाई नियुक्त गर्ने।
१५. सहरी विकास मन्त्रालयः United Nations Habitat Assembly कार्यक्रममा सहभागी हुन सहरी विकास मन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने ।
१६. माननीय उपप्रधानमन्त्री एवं रक्षामन्त्री र माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्रीलाई राजपत्राङ्कित प्रथम श्रेणीसरहको पारिश्रमिक र सुविधा पाउने गरी एक-एक जना प्रेस सल्लाहकार नियुक्ति गर्न स्वीकृति दिने।
१७. सङ्घीय संसद्का दुवै सदनबाट पारित भई प्रमाणीकरणका लागि पेस भएको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक प्रमाणीकरण गर्नका लागि सम्माननीय राष्ट्रपतिज्यूसमक्ष अनुरोध गर्ने।

## संवत् २०८० साल जेठ १४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय योजना आयोगको सदस्यमा अनिता ढुङ्गानालाई नियुक्त गर्ने ।
२. अर्थ मन्त्रालयः विश्व वातावरण सुविधाको ७ औं सभामा माननीय अर्थ मन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने ।
३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल-भारतबीच दीर्घकालीन विद्युत व्यापार गर्नेसम्बन्धी सम्झौता स्वीकृत गर्ने ।
४. गृह मन्त्रालयः रेशमलाल चौधरीलाई तोकिएको कैद सजाय गणतन्त्र दिवस, २०८० को अवसरमा माफी दिन सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस गर्ने।
५. वन तथा वातावरण मन्त्रालयः लंखुवाखोला साना जलविद्युत आयोजना (५ मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने ।
६. वन तथा वातावरण मन्त्रालयः मध्य तमोर जलविद्युत आयोजनाको २२० के.भि. प्रसारणलाईन निर्माणको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने ।
७. वन तथा वातावरण मन्त्रालयः सिन्धुली जिल्लास्थित सिन्धुलीमाडी-भुमेस्थान-चकमके-उदयपुर कटारी (१४.५६ कि.मि.) सडक खण्डको स्तरोन्नतिको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने।
८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः लुम्बिनी सांस्कृतिक नगरपालिका र भारतको कुशीनगरबीच भगिनी सम्बन्ध कायम गर्न लुम्बिनी सांस्कृतिक नगरपालिकालाई स्वीकृति प्रदान गर्ने ।

९. वन तथा वातावरण मन्त्रालयः नेपाल र भारतबीच जैविक विविधता संरक्षणसम्बन्धी समझदारी पत्र स्वीकृत गर्ने ।

## संवत् २०८० साल जेठ १५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

१. अर्थ मन्त्रालयः बजेट तथा अर्थसम्बन्धी विधेयकहरू संघीय संसद्मा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

२. अर्थ मन्त्रालयः मूल्य अभिवृद्धि कर (पच्चिसौं संशोधन) नियमावली, २०८०; अन्तःशुल्क (चौबिसौं संशोधन) नियमावली, २०८०; भन्सार (चौधौं संशोधन) नियमावली, २०८०; आयकर (चौधौं संशोधन) नियमावली, २०८०; मदिरा (तेस्रो संशोधन) नियमहरू, २०८० तथा मालवस्तु जाँचपाससम्बन्धी सूचना स्वीकृत गर्ने ।

३. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः United Nations Convention on the Law of the Sea on the conservation and sustainable use of marine BBNJ अन्तर्गत Inter-Governmental Conference को पाँचौं सम्मेलनको तेस्रो चरणमा सहभागी हुनका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने ।

४. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः MEMORANDUM OF UNDERSTANDING BETWEEN THE GOVERNMENT OF THE REPUBLIC OF INDIA AND THE GOVERNMENT OF NEPAL ON COOPERATION IN THE FIELD OF AGRICULTURE स्वीकृत गर्ने ।

५. परराष्ट्र मन्त्रालयः सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले भारतका महामहिम प्रधानमन्त्रीको मैत्रीपूर्ण निमन्त्रणामा गर्नुहुने भारतको औपचारिक भ्रमण स्वीकृत गर्ने ।

६. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः स्वीटजरल्याण्डमा आयोजना हुने अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा सहभागिताका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीलाई स्वीकृति दिने ।

७. उखु उत्पादक कृषकले चिनी उद्योगले राखेको बक्यौता रकमको भुक्तानी नपाएको भनी गर्दै आएको आन्दोलनका सम्बन्धमा आन्दोलनरत पक्षसँग तत्काल वार्ता गरी समस्याको सम्बोधन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवको संयोजकत्वमा समिति गठन गर्ने ।

## संवत् २०८० साल जेठ १६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः परियोजना विकासकर्ता S.J.V.N. Lower Arun Power Development Company Private Limited (एस.जे. भी. एन. तल्लो अरुण जलविद्युत विकास कम्पनी प्राइभेट लिमिटेड) सँग गरिने Project Development Agreement Lower Arun Hydroelectric Project (तल्लो अरुण जलविद्युत विकास परियोजना विकास सम्झौता) को अन्तिम दस्तावेजलाई अनुमोदन गर्ने।

## संवत् २०८० साल जेठ २४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः जापानको Chiba मा हुने "Regional Training Workshop on Enhancing Statistical Leadership for Heads of National Statistics Offices (NSOs) in Asia and the Pacific" विषयक कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी श्री राम प्रसाद थपलियाको वैदेशिक भ्रमण स्वीकृत गर्ने ।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः पाँचखाल औद्योगिक ग्रामलाई महिला उद्यमी विशेष औद्योगिक ग्राममा रूपान्तरण गर्ने।

३. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको अध्यक्षमा सहसचिव मदन भुजेललाई तोक्ने।

४. गृह मन्त्रालय: सार्वजनिक हितको लागि आवश्यक सेवामा हडताल गर्न निषेध गर्ने सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने।

५. गृह मन्त्रालय: World Health Organization (WHO) द्वारा Stockholm, Sweden मा आयोजना हुने In Person meeting of the Global Network of Heads of Road Safety, Agencies को बैठकमा प्रहरी अतिरिक्त महानिरीक्षकलाई सहभागी हुन स्वीकृति दिने ।

६. गृह मन्त्रालय: संयुक्त राष्ट्रसंघको मुख्यालय, न्यूयोर्कमा आयोजना हुने "Third United Nations High-level Conference of Heads of Counter-Terrorism Agencies of Member States" कार्यक्रममा गृह मन्त्रालयका सचिव र प्रहरी अतिरिक्त महानिरीक्षकलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

७. परराष्ट्र मन्त्रालय: ६६ पृष्ठको साधारण राहदानीको दस्तुर ३४ पृष्ठको साधारण राहदानी दस्तुरसरह कायम गर्न राहदानी नियमावली, २०७७ संशोधन गर्ने।

८. युवा तथा खेलकुद मन्त्रालय: श्रीलंकाको कोलोम्बोमा आयोजना हुने 18th Asia/Oceania Region Inter-Governmental Ministerial Meeting On Anti-doping in Sports विषययक कार्यक्रममा भाग लिन माननीय युवा तथा खेलकुद मन्त्रीलाई स्वीकृति प्रदान गर्ने।

९. रक्षा मन्त्रालय: नेपाली सेनाका सहायक रथीद्वय सुनिल श्रेष्ठ र हेम राज के.सी. को पदावधि थप गर्ने।

१०. रक्षा मन्त्रालय: रक्षा मन्त्रालयका सचिवको नेतृत्वको ६ सदस्यीय भ्रमणदललाई MONUSCO मिशन कङ्गोको निरीक्षण गर्न स्वीकृति दिने।

११. रक्षा मन्त्रालय: नेपाली सेनाका उपरथी बाबुराम श्रेष्ठको नेतृत्वमा ५ सदस्यीय भ्रमणदललाई MINUSMA मिशन मालीको निरीक्षण भ्रमण गर्न स्वीकृति दिने।

१२. वन तथा वातावरण मन्त्रालय: माथिल्लो मैलुङ खोला जलविद्युत आयोजना को १३२ के.भि. प्रसारणलाईन आयोजनाको विकास निर्माणको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय: International Nuclear Safeguards Engagement Program (INSEP) कार्यक्रममा भाग लिन स्वीकृति दिने।

१४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूह, राजपत्राङ्कित द्वितीय श्रेणी, सिनियर डिभिजनल इन्जिनियर पदमा कार्यरत श्री राजेश प्रसाद घिमिरेलाई निज अनिवार्य अवकाश हुने मितिको एक महिना अघिदेखि लागू हुने गरी नेपाल इन्जिनियरिङ सेवा, राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा बढुवा गर्ने।

१५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: बेल्जियमको ब्रसेल्समा आयोजना हुने "Metropolis World Congress" तथा "Brussels Urban Summit 2023" विषयक कार्यक्रममा सहभागिताका लागि काठमाडौं महानगरपालिकाका नगर प्रमुखको वैदेशिक भ्रमण स्वीकृति गर्ने।

१६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय: फिलिपिन्सको मनिलामा सञ्चालन हुने The १४th Edition ICIC मा सहभागी हुन राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त र आयुक्तको वैदेशिक भ्रमण स्वीकृत गर्ने।

१७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय: Asian Development Bank (ADB) तथा इञ्चोन शहरको संयुक्त आयोजनामा कोरियाको सोङ्दोमा हुने Data x ADB कार्यशालामा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति दिने।

१८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: स्वीट्जरल्याण्डको जेनेभामा हुने Neglected Tropical Diseases Global Partners' Meeting मा स्वास्थ्य सेवा विभागका महानिर्देशकलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

१९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: विद्युतीय व्यापारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ संघीय संसदमा पेश गर्न स्वीकृति दिने।

२०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका श्री केवलप्रसाद भण्डारीलगायतका चारजना अधिकृतहरुको सरुवा गर्ने ।

**संवत् २०८० साल जेठ ३० गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. राम कुमार फुयाललाई स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने Improving Synergies between Social Protection and Public Finance Management कार्यक्रममा सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

२. अर्थ मन्त्रालय: भक्तपुर जिल्लामा स्वास्थ्य सेवा क्षेत्रको क्षमता विकास परियोजना कार्यान्वयनका लागि गणतन्त्र कोरिया सरकारबाट प्राप्त हुने अमेरिकी डलर ९.५ मिलियन (करिब रु.१ अर्ब २५ करोड) अनुदान सहायता स्वीकार गर्ने।

३. अर्थ मन्त्रालय: जलवायु परिवर्तन स्थानीय अनुकुलन कार्यक्रमका लागि युरोपियन युनियनबाट प्राप्त हुने २२ मिलियन युरो (करिब रु.३ अर्ब १२ करोड) बराबरको अनुदान सहायता स्वीकार गर्ने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: मंगोलियामा आयोजना हुने LLDCs को National Focal Point को वार्षिक बैठक तथा WEDF मा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव वाणिज्य तथा आपूर्ति) लाई स्वीकृति दिने ।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय: नौमुरे बहुउद्देश्यीय आयोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने ।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय: ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिवलाई Prospects of Clean Energy Transformation and Role of Coordinated Generation and Transmission Planning for Optimal and Sustainable Cross Border Energy Trade in South Asia कार्यक्रममा सहभागी हुन स्वीकृति दिने।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय: स्याउले साँफेबगर १३२ के.भी. प्रसारण लाइन आयोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने ।

८. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय : कोहलपुर-सुर्खेत-दैलेख १३२ के.भी. प्रसारण लाइन आयोजनाको क्षतिपूर्ति निर्धारण समिति गठन गर्ने।

९. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय: मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने।

१०. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय: काठमाडौं जिल्ला अदालतमा दायर भएको प्रतिवादी रुपेश साह समेत (७ जना) भएको ज्यान मार्ने उद्योग मुद्दा फिर्ता लिन स्वीकृति दिने ।

११. रक्षा मन्त्रालय: राष्ट्रिय सुरक्षा परिषद्को राष्ट्रिय सुरक्षा सल्लाहकारको नियुक्ति, सेवा शर्त तथा सुविधासम्बन्धी निर्देशिका, २०८० स्वीकृत गर्ने।

१२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: लुम्बिनी विकास कोषको गुरुयोजनाको पूर्वी बिहार क्षेत्रमा अवस्थित निर्माणाधीन Canadian Engaged Buddhism Association (CEBA) अन्तर्गत Bodhi Institute Monastery and Temple बिहारमा राख्न इण्डोनेसियाको जाकार्ताबाट दान स्वरूप प्राप्त हुने भगवान शाक्यमुनि बुद्धको ढुङ्गाबाट निर्मित एक थान बुद्ध मूर्ति ग्रहण गर्न स्वीकृति प्रदान गर्ने ।

१३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: सिमिकोट विमानस्थलको लागि जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने।

१४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: रारा विमानस्थलको लागि जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने।

१५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: नेपाल नर्सिङ परिषद्को रजिष्ट्रार पदमा शुक्ला खनाललाई नियुक्त गर्ने ।

१६. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय: श्रम अदालत नियमावली, २०८० स्वीकृत गर्ने।

१७. अर्थ मन्त्रालय: भन्सार महसुलसम्बन्धी नयाँ विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

१८. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: पौष्टिक तत्त्व स्तरोन्नति गरिएको चामलको गुणस्तर मापदण्ड निर्धारण गर्ने।

१९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: राष्ट्रिय स्वास्थ्य वित्त रणनीति (२०८०-२०९०) स्वीकृत गर्ने।

२०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: बुद्ध दर्शन र गौतम बुद्धको जन्मस्थल लुम्बिनीको प्रचार प्रसार र प्रवर्धन गर्नका लागि श्री निरजगोविन्द श्रेष्ठलाई सद्भावना दूत (अवैतनिक) नियुक्त गर्ने।

२१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री यादवप्रसाद कोइरालाले सेवा अवधिको कारणबाट मिति २०८०/३/४ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

**संवत् २०८० साल जेठ ३२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. नेपाल सरकारको मुख्यसचिव पदमा कार्यरत श्री शंकरदास बैरागीले मिति २०८०/२/३१ देखि लागू हुनेगरी आफ्नो पदबाट दिनुभएको राजीनामा सोही मितिदेखि लागू हुनेगरी स्वीकृत गर्ने।

२. रक्षा मन्त्रालय: राष्ट्रिय सुरक्षा परिषद्को राष्ट्रिय सुरक्षा सल्लाहकारमा शंकरदास बैरागीलाई नियुक्त गर्ने।

३. रिक्त मुख्यसचिव पदमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत सचिव डा. बैकुण्ठ अर्याललाई नेपाल सरकारको मुख्यसचिव पदमा बढुवा गर्ने।